नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तौलिहवा, कपिलवस्तु

सम्पर्क : ०७६-५६०१५१
daokapilvastu@gmail.com

मिति :- २०८१।०७।१४

## चाडपर्व मनाउने सम्बन्धमा सार्वजनिक सूचना ।

नजिक आइरहेको चाडपर्वहरु शुभ दीपावली, नेपाल सम्वत् ११४५, तथा छठ पर्वको उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चाडपर्व मनाउने सन्दर्भमा प्रचलित कानूनको पालना गरी सामाजिक सद्भाव, एकता र सांस्कृतिक पहिचान कायम राख्दै तपसिलका विषयहरुको पालना गर्नु/गराउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

- सडक किनारमा खुला रुपमा बिक्रीका लागि राखिएका मिठाई एवं खाद्यवस्तुहरु खरिद नगर्नु हुन ।
- चाडवाडको समयमा म्याद गुज्रेका खाद्यवस्तु, पेय पदार्थ लगायतका गुणस्तरहिन उपभोग्यवस्तुको बिक्री वितरण हुन सक्ने अत्याधिक सम्भावना हुने हुँदा त्यस तर्फ सचेत रहने ।
- भूईँचम्पा, पटका, आतसबाजी बिक्री वितरण नगर्नु / नगराउनु हुन ।
- जुवा/तास खेल्ने /खेलाउने कार्य नगर्नु/ नगराउनुहुन र सो गरेको पाइएमा नजिकको प्रहरीलाई खबर गर्नु हुन ।
- मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने तथा सार्वजनिक स्थानमा होहल्ला गर्ने कार्य नगर्नु/ नगराउनुहुन ।
- मैनबत्ती तथा बिजुली बत्तीको प्रयोग गर्दा विशेष सावधानी अपनाउनु हुन ।
- देउसी भैलो राती १०:०० बजेसम्म खेल्ने र भैलो खेल्दा परम्परागत संस्कृतिको जगेर्ना गर्दै मर्यादित ढंगले खेल्नु हुन ।
- कुनै व्यक्ति/संस्था/समूहले कुनै शंकास्पद एवं अवाञ्छित कृयाकलाप गर्ने/गरेको देखिएमा तत्काल नजिकको प्रहरीलाई खबर गरी सहयोग गर्ने ।

२०८१।७।१४

परमानन्द घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी

CamScanner